# बजेटले युवाहरूको बिदेसिनैपर्ने बाध्यता अन्त्य गर्छ : अर्थमन्त्री

काठमाडौं। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले युवाहरूले अब आफ्नो सपना पूरा गर्न बिदेसिनैपर्ने बाध्यता सरकारले चिर्दै जाने र सुरुवात बजेटबाट भएको बताएका छन्। राजधानीमा आइतबार आयोजित राष्ट्रिय युवा उद्यमशीलता सम्मेलन २०८३ मा उनले त्यसको सुरुवात आगामी वर्षको बजेटमार्फत गरिएको र पाँच वर्षमा त्यसलाई एउटा निष्कर्षमा पुऱ्याउने दाबी गरे।




'पछिल्लो १५-२० वर्षदेखि देशका युवा आफ्नो सपना पूरा गर्न बिदेसिनैपर्ने बाध्यता आइलागेको छ,' उनले भने, 'अब त्यस्तो स्थिति आउन नदिन जग बसाल्न बजेटबाट सुरु गरेका छौं। त्यो बुझ्न बजेट पढ्नुहोस्। बजेटको कार्यान्वयनले त्यसको बाटो समात्छ।'

देशभरका युवा उद्यमीहरूलाई सम्बोधन गर्दै अर्थमन्त्री डा. वाग्लेले करमा सहुलियत, बक्यौता उल्झनमा रहेका उद्यमी व्यवसायीलाई छुटको सहुलियत, सरकारी प्रशासनको डिजिटलाइजेसन र सुशासनका एजेन्डा कार्यान्वयनले देश निर्माणको नयाँ बाटोलाई संकेत गर्ने बताए।

करका दरहरू घटाएर एक लाख रुपैयाँसम्म कमाउने युवालाई करको झन्झटबाट मुक्ति दिइएको पनि उनले बताए। यस्तै, करको उल्झनमा परेका उद्योगी व्यवसायीलाई नयाँ सुरुवात गर्न सहुलियतपूर्ण घोषणा बजेटमा भएको भन्दै उहाँले त्यसको फाइदा लिन सबैलाई आग्रह समेत गरे। बजेट बनाउँदा युवाहरूको उद्यमशील सोच र योजनालाई फैलाउने गरी धेरै सोचिएको र त्यसैअनुसारका कार्यक्रमहरू घोषणा भएको उनको भनाइ छ।

# अधिकांश वाणिज्य बैंकले स्थिर राखे ब्याजदर

news24

**काठमाडौं, जेठ ३१**

अधिकांश वाणिज्य बैंकले असारका लागि ब्याजदर स्थिर राखेका छन्। सञ्चालनमा रहेका २० मध्ये १३ वाणिज्य बैंकले असारका व्यक्तिगत मुद्दती निक्षेपको पुरानै ब्याजदरलाई निरन्तरता दिएका हुन्। बैंकहरूले सार्वजनिक गरेको नयाँ ब्याजदरअनुसार जेठको तुलनामा असारमा ७ बैंकले व्यक्तिगत मुद्दती निक्षेपमा दिने अधिकतम ब्याजदर घटाएका छन्।




असारका लागि एनएमबी बैंकले व्यक्तिगत मुद्दती निक्षेपमा ४.८ बाट ४.७५ प्रतिशत ब्याजदर कायम गरेको छ। त्यस्तै, हिमालयनले ४.२५ बाट ४ प्रतिशत, कुमारी बैंकले ३.९६ बाट ३.९१, लक्ष्मी सनराइजले ४.५ बाट ४, एनआईसी एसियाले ४.५ बाट ४, प्राइमले ४.१५ बाट ४ र स्ट्यान्डर्ड चार्टर्डले ४ बाट ३.९५ प्रतिशतमा झारेका छन्।

बाँकी बैंकले जेठकै ब्याजदरलाई निरन्तरता दिएका छन्। हाल राष्ट्रिय वाणिज्य बैंकले ४.७५ तथा नबिल र प्रभु बैंकले समान ४.५५ प्रतिशत तोकेका छन्। ग्लोबल आईएमई, नेपाल इन्भेस्टमेन्ट मेगा, माछापुच्छ्रे र सानिमा बैंकको समान ४.५ प्रतिशत छ। त्यस्तै कृषि विकासले ४.१५, सिटिजन्सले ४.१, एभरेस्टले ४.५, नेपाल एसबीआईले ४.२५, सिद्धार्थले ४.५ र नेपाल बैंकको पनि ब्याजदर स्थिर छ।

बैंकिङ प्रणालीमा तरलता पर्याप्त रहनु, कर्जाको माग अपेक्षाअनुसार बढ्न नसक्नु तथा निक्षेप संकलनमा तीव्र प्रतिस्पर्धा कम हुँदै जाँदा बैंकहरूले निरन्तर ब्याजदर घटाउँदै लगेका हुन्। पछिल्ला महिनाहरूमा आधारदर (बेस रेट) घट्दै जाँदा बैंकहरूले निक्षेपको लागत कम गर्ने रणनीति अपनाइरहेका छन्।

असार महिनाको ब्याजदर हेर्दा बैंकहरूबीचको अन्तर पनि निकै साँघुरिएको छ। सबैभन्दा बढी ब्याज दिने बैंकको दर ४.७५ प्रतिशत र सबैभन्दा कम ब्याज दिने बैंकको दर ३.९१ प्रतिशत रहेकाले अधिकतम र न्यूनतम ब्याजदरबीचको अन्तर ०.८४ प्रतिशत बिन्दुमा सीमित भएको छ। निक्षेपको ब्याजदर निरन्तर ओरालो लागिरहँदा बचतकर्ताको प्रतिफल भने खुम्चिँदै गएको छ।

## राष्ट्र बैंक अध्ययन

# औद्योगिक क्षेत्रमा दक्ष जनशक्ति अभाव

news24

**काठमाडौं, जेठ ३१**

मुलुकको औद्योगिक क्षेत्रका लागि दक्ष जनशक्तिको अभाव, कच्चा पदार्थ र उत्पादित वस्तुका लागि उपयुक्त बजार नहुनुलाई प्रमुख समस्याका रूपमा चित्रण गरिएको छ। नेपाल राष्ट्र बैंकले गरेको अध्ययनअनुसार पर्याप्त पुँजीको अभाव, उच्च उत्पादन लागत, प्रविधिकगत पछौटेपन, पूर्णक्षमताको अभाव, जनशक्ति पलायन, पर्यावरणमैत्री उद्योगको व्यवस्थापन र सञ्चानलाई पनि चुनौतीका रूमपा लिइएको हो।



औद्योगिक पूर्वाधार निर्माणलाई तीव्रता दिनु, औद्योगिक उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्नु, कच्चा पदार्थको उचित प्रवन्ध गर्नु, स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु, निर्यातजन्य वस्तुको विविधकरण गर्नुलगायत चुनौती औद्योगिक क्षेत्रमा रहेका नेपाल राष्ट्र बैंकको अध्ययनले देखाएको छ।

केन्द्रीय बैंकले हालै सार्वजनिक गरेको 'चालु आर्थिक वर्षको अर्धवार्षिक प्रतिवेदन' अनुसार कर्णाली प्रदेशमा स्थापना भएका उद्योगमा पुँजी अभाव तथा बजारीकरणको समस्या रहेको छ। स्थापित उद्योग एवं कलकारखानालाई पलायन हुनबाट रोक्नु, ठूलो संख्यामा युवा वैदेशिक रोजगारीमा जाने गरेकाले उद्योगमा आवश्यक प्रविधिक सीपयुक्त जनशक्तिको व्यवस्थापन गर्नु चुनौती देखिएको छ।

न्यून औद्योगिक पूर्वाधारका आधारमा वैदेशिक लगानी आकर्षण गरी उद्योगका लागि आवश्यक पुँजीको व्यवस्थापन गर्नु, उत्पादित वस्तुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै आयातित वस्तुसँग प्रतिस्पर्धा गर्नसक्ने बनाउनु पनि कठिनाइका रूपमा लिइएको छ।

अध्ययनअनुसार सुदूरपश्चिम प्रदेशमा भारतसँगको खुला सीमानाकाका कारण हुनसक्ने सम्भावित भन्सार छली, अवैध पैठारीलगायत गतिविधि नियन्त्रण गरी स्थानीय उत्पादन र औद्योगिक गतिविधि प्रवर्द्धन गर्नु चुनौतीका रूपमा रहेको छ। उद्योगधन्दा सञ्चालनका लागि आवश्यक पर्ने दक्ष र प्राविधिक जनशक्तिको अभाव, कमजोर पूर्वाधार, निर्यातयोग्य वस्तुमा विधिकरणको कमी, न्यून उत्पादकत्व र निर्यात क्षमता पनि कमजोर पनि चुनौतीका रूपमा छन्।

स्वदेशी वस्तुको उत्पादन लागत बढी हुनु, कमजोर औद्योगिक पूर्वाधार तथा स्थानीयस्तरमा उपलब्ध प्राकृतिक स्रोत तथा साधनको सदुपयोग हुन नसक्नु पनि चुनौतीका रूपमा रहेका छन्। अध्ययनअनुसार मुलुकको औद्योगिक क्षेत्रमा उल्लेख्य सम्भावना रहेको छ। जलविद्युत् उत्पादनमा भइरहेको विस्तार, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकता राखेको अध्ययन प्रतिवेदनमा जनाइएको छ।

कृषि उपजको उत्पादन, जडिबुटीको उपलब्धता, खानीलगायत खानीजन्य पदार्थको सम्भाव्यतासमेत रहेको सन्दर्भमा उद्योग क्षेत्र विकासको प्रचुर सम्भावना छ। त्यसैगरी, बढ्दो सूचना प्रविधिको प्रयोग र उपयोगसँगै सफ्टेवयर विकास, सूचना प्रविधि सेवा तथा 'आउटसोर्सिङ' (बाह्य स्रोत परिचालन) उद्योगको विकास गर्ने सम्भावना उच्च छ।

सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तुहरू प्रयोग गर्ने व्यवस्था, निजी क्षेत्रसँग सरकारको सहकार्यलगायत नीतिगत व्यवस्था, सहज बैंकिङ पहुँच, न्यून ब्याजदर, बैंक तथा वित्तीय संस्थामा रहेको लगानीयोग्य रकम, बढ्दो सहरीकरण तथा डिजिटल प्रविधिको प्रयोगका कारण औद्योगिक उत्पादनको विस्तार हुने सम्भावनासमेत रहेको छ। मधेस प्रदेशमा धान, गहुँ, मकै, उखु, तेलहन, तरकारी, फलफूल तथा दुग्ध उत्पादन प्रचुर मात्रामा हुने भएकाले कृषिमा आधारित उद्योग, खाद्य प्रशोधन, चिनी उद्योग, दुग्ध उद्योग, तेल उद्योग, चामल उद्योग तथा पशु आहार उद्योग विस्तार गर्न सकिने सम्भावना प्रतिवेदनमा उल्लेख गरिएको छ। धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले समृद्ध मधेस प्रदेशमा होटल, हस्तकला, धार्मिक सामग्री, मिथिला कला तथा पर्यटनसँग सम्बन्धित विभिन्न उद्योगहरूको विकास गर्न सकिनेछ।

मुलुकको सबैभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकाले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेस प्रदेशमा उद्योग स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने अध्ययनले देखाएको छ।

बागमती प्रदेशमा कृषि तथा पशुपालनमा आधारित उद्योगको प्रचुर सम्भावना रहेकाले मासुजन्य उत्पादन, दुग्धजन्य उत्पादन, खाद्य प्रशोधन, जडिबुटी प्रशोधनलगायत साना तथा मझौला उद्योग स्थापना गर्न सकिनेछ। अधिक तरलता तथा न्यून ब्याजदर रहेको अवस्थामा बैंक तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गर्ने वातावरण सिर्जना गरेमा औद्योगिक उत्पादन र रोजगारी बढ्न सक्ने जनाइएको छ।

त्यस्तै, डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी औद्योगिक उत्पादनको बजार विस्तार गर्न तथा नयाँ उत्पादनको अध्ययन अनुसन्धान गर्न सकिनेछ। विदेशबाट फर्किएका नेपालीको सीपअनुसारको व्यवसाय सञ्चालनमा प्रोत्साहित गरी उत्पादन र रोजगारी अभिवृद्धि हुनसक्ने छ।

गण्डकी प्रदेशमा आर्थिक अभिवृद्धिका परियोजना, 'मेक इन नेपाल' र 'मेड इन नेपाल'लगायत अभियानमार्फत विभिन्न उद्योगका लागि कानुनी सुधार, आवश्यक सडक, विद्युत, प्रसारण लाइन र इन्टरनेट सेवालगायत पूर्वाधार विकासको प्रभावकारी कार्यान्वयन भए यसले नयाँ आधार तयार पार्नेछ। स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैरसरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नसके स्वदेशी उत्पादनमा थप वृद्धि हुने देखिन्छ।

कृषि क्षेत्र तथा स्थानीय स्रोतसाधन र सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सकिने अध्ययनले देखाएको छ। बैंक तथा वित्तीय संस्थाको उपस्थिति, निक्षेपको अवस्था र न्यून ब्याजदरले उद्योगमा लगानी गरी उत्पादन बढाउन तथा वित्तीय विस्तार गर्न गर्नुपर्नेमा अध्ययनले जोड दिएको छ।

# टिभिएस जुपिटर खरिदमा निःशुल्क पेट्रोल

काठमाडौं। नेपालका लागि टिभिएस सवारीसाधनको आधिकारिक वितरक जगदम्बा मोटर्स प्रालिले टिभिएस जुपिटर बीएस-६ स्कुटरका लागि नयाँ ग्राहकमुखी योजना सार्वजनिक गरेको छ। बढ्दो पेट्रोल खर्चका कारण दैनिक यात्रा महँगो बन्दै गइरहेको अवस्थामा कम्पनीले जुपिटर स्कुटरलाई किफायती र भरपर्दो यातायातको विकल्पका रूपमा अघि सारेको हो।

कम्पनीले सार्वजनिक गरेको योजनाअनुसार टिभिएस जुपिटर खरिद गर्ने ग्राहकले ९ महिनासम्म निःशुल्क पेट्रोल सुविधा प्राप्त गर्नेछन्। साथै, यो स्कुटरले प्रतिलिटर ६० किलोमिटरसम्म माइलेज दिने कम्पनीको दाबी छ। कम्पनीका अनुसार उत्कृष्ट इन्धन दक्षता, आरामदायी यात्रा अनुभव तथा आधुनिक डिजाइनका कारण टिभिएस जुपिटर दैनिक प्रयोगका लागि उपयुक्त स्कुटरका रूपमा स्थापित हुँदै आएको छ। ग्राहकलाई सहज रूपमा सवारीसाधन उपलब्ध गराउने उद्देश्यले कम्पनीले मासिक २ हजार ८९९ रुपैयाँदेखि सुरु हुने किस्ता सुविधासमेत उपलब्ध गराएको जनाएको छ।

# सिद्धार्थ बैंकलाई गोल्ड अवार्ड

काठमाडौं। सिद्धार्थ बैंक अन्तर्राष्ट्रिय स्तरको प्रतिष्ठित इन्फोसिस फिन्याकल इनोभेसन अवार्ड्स २०२६ को गोल्ड अवार्डबाट सम्मानित भएको छ। सिद्धार्थ बैंक 'म्याक्सिमाइजिङ कस्टोमर इन्गेजमेन्ट-डिजिटल फर्स्ट बैंकिङ' विधामा गोल्ड अवार्डबाट सम्मानित भएको हो।

विश्वभरका बैंक तथा वित्तीय संस्थाहरूले प्रविधि, नवप्रवर्तन तथा ग्राहक अनुभव अभिवृद्धिका क्षेत्रमा गरेका उत्कृष्ट अभ्यासहरूको मूल्यांकन गरी प्रदान गरिने उक्त अवार्डले सिद्धार्थ बैंकको डिजिटल बैंकिङ क्षेत्रप्रतिको निरन्तर प्रतिबद्धता, ग्राहक केन्द्रित सेवा तथा उत्कृष्ट ग्राहक अनुभव प्रदान गर्ने प्रयासलाई अन्तर्राष्ट्रिय स्तरमा सम्मान गरेको छ।

बैंकले ग्राहकलाई सहज, सुरक्षित तथा आधुनिक बैंकिङ अनुभव प्रदान गर्ने उद्देश्यले विभिन्न डिजिटल सेवाहरूको विस्तार गर्दै आएको छ।

पृष्ठ ६ बाट जारी...

| क्र.स | ऋणीको नाम | ऋणीको बाबुको नाम | ऋणीको बाजेको नाम | ऋणीको ना.प्र.न.(जि.प्र.का, जारी मिति) | जमानीकर्ताको नाम (ना.प्र.न.) जि.प्र.का, जारी मिति | मोडल | IMEI 1 & IMEI 2 |
|---|---|---|---|---|---|---|---|
| ९२ | सन्देश लामिछाने | कृष्ण प्रसाद लामिछाने | द्रोद चन्द्र लामिछाने | ३५-०१-७७-०१५७४, (चितवन, २०७७-०६-१८) | विनिता घले, (३५-०१-७८-०५९३८, चितवन, २०७८-०७-२९) | Samsung A16 5G (6/128 GB) | IMEI 1: 351809420331174 |
| ९३ | मोतिराम सापकोटा | महानन्द सापकोटा | लक्ष्मी कान्ता सापकोटा | ३१-०१-७१-०७६५०, (मकवानपुर, २०७१-०८-०८) | ईश्वर अधिकारी, (३१-०१-७३-०२९७४, मकवानपुर, २०७३-०३-०१) | Samsung Z Fold 6 (12/256 GB) | IMEI 1: 355566790311790 |
| ९४ | हिरालाल केप्छाकी मगर | यम्बर बहादुर केप्छाकी | डम्बर बहादुर केप्छाकी | १४-०२-७६-०२१०५, (कटारी, उदयपुर, २०७६-१०-२१) | सिता मगर, (१४-०२-७५-०२०८५, कटारी, उदयपुर, २०७५-११-१४) | Samsung M14 (6/128 GB) | IMEI 1: 356899450673780 |
| ९५ | मिनु गोले | हस्त बहादुर लामिछाने | भिम बहादुर लामिछाने | ३१-०१-७२-०५७४१, (मकवानपुर, २०७२-०८-०८) | विकाश गोले, (३१३०२३/२११५ख मकवानपुर, २०६३-१२-२४) | Samsung A16 5G (6/128 GB) | IMEI 1: 351809420469743 |
| ९६ | सुजन खड्गी | श्याम खड्गी | नारायण खड्गी | २७-०१-७८-०४२३९, (काठमाडौं, २०७८-०५-२०) | मेनीस पाण्डे क्षेत्री , (२८-०१-७७-०२५२९, ललितपुर, २०७७-०९-२७) | Samsung A15 (8/256 GB) | IMEI 1: 358311602981283 |
| ९७ | राकेश कुमार महतो | राम विलास महतो | सुकल महतो | १५-०२-७४-०२००९, (लहान, २०७४-०५-११) | निसा कुमारी साह, (१५-०१-७६-१३१२२, सिराहा, २०७६-१०-२१) | Samsung S25 Ultra (12/512 GB) | IMEI 1: 356284535850150 |
| ९८ | मुन्ना साह | जोगीन्दर सा तुरहा | काशी साह | ३३१०९१/९२०१, (बारा, २०६७/०९/१८) | प्रभात कुमार चौरसिया, (३४-०१-६९-०१७५४, पर्सा, २०६९-०६-११) | Samsung A55 (12/256 GB) | IMEI 1: 352485224774692 |
| ९९ | सन्देश श्रेष्ठ | टंक कुमार श्रेष्ठ | झंक राज श्रेष्ठ | २१-०१-८०-०२५०४, (रामेछाप, २०८०-०४-११) | शब्द श्रेष्ठ, (२१-०१-८१-०३९११, रामेछाप, २०८१-०७-२८) | Samsung A16 (Mobile) | IMEI 1: 352456881519985 |
| १०० | रोशन कुमार लामा | सुरेन्द्र कुमार लामा | चमक्का बहादुर लामा | २७-०१-७३-०४३९४, (काठमाडौं, २०७३-०३-०८) | दयाङजिक भोटे, (१०-०१-७८-०१११७, संखुवासभा, २०७८-०७-०८) | Samsung S24 Ultra (12/256 GB) | IMEI 1: 352722661998370 |
| १०१ | रूक्सङ्ग मानन्धर | राकेश प्रसाद मानन्धर | रविन्द्र प्रसाद मानन्धर | २७१०६०/१२५०१५ (काठमाडौं, २०६४-०९-०४) | प्रज्वोल गौतम, (२७१०६०/५३८९४, काठमाडौं, २०६६-१२-२५) | Samsung A16 (8/256 GB) | IMEI 1: 355466590788901 |
| १०२ | सेर बहादुर वि.क. | अमृते लोहार | धरम बिर लोहार | ६४०८७/१२३५, (सुर्खेत, २०६०-०७-२५) | जगदिस वि.क., (६४१०२५/११२२३४, सुर्खेत, २०६९-०१-०५) | Samsung A15 5G (6/128 GB) | IMEI 1: 351766319559077 |
| १०३ | रचना लिम्बु | राम शंकर महर्जन | कमल लिम्बु | ५२९४५, (सुनसरी, २०६८-१२-२७) | लक्ष्मी वाईबा, (२७-०२-८०-००९२८, काठमाडौं, २०८०-०४-३१) | Samsung A06 (6/128 GB) | IMEI 1: 351680500107804 |
| १०४ | प्रताप अधिकारी | हरिराज अधिकारी | गंगा दत्त अधिकारी | ४५१०२१/१६५४९, (लमजुङ, २०६७/०८/०७) | असमस गौतम, (४९०४८, लमजुङ, २०६०-११-०१) | Samsung A16 5G (8/256 GB) | IMEI 1: 355466591373653 |
| १०५ | योगेन्द्र घिमिरे | जय बहादुर घिमिरे | शार्क घिमिरे | २७-०१-७५-०६३७४, (काठमाडौं, २०७५-०४-१६) | रोदिप कार्की, (१३-०१-७६-०४६१३, ओखलढुङ्गा, २०७६-१०-०८) | Samsung A55 (8/256 GB) | IMEI 1: 352053262605531 |
| १०६ | सन्तोष खत्री | चक्र बहादुर खत्री | डिल्ली बहादुर खत्री | १३-०१-७१-०२६२३, (ओखलढुङ्ग, २०७१-०८-११) | चक्र वहादुर खत्री, (११६५/१८३४, ओखलढुङ्ग, २०४४/५/३०) | Samsung A55 5G (8/256 GB) | IMEI 1: 352053263536564 |
| १०७ | बविता कुमारी ठाकुर | रामजपित ठाकुर | तेजु साह | १५-०१-७४-०९४४९, (सिरहा, २०७४/८/२७) | सुरज शर्मा, (१५१०४७/७४, सिराहा, २०६४/९/१२) | Samsung A25 (8/256 GB) | IMEI 1: 353204665198405 |
| १०८ | अरविन्द मुखिया | हेमन्त मुखिया | गुलजारी मुखिया | ०५-०१-८०-२१८५१, (मोरङ्ग, २०८०-११-१७) | रिता मण्डल, (०५-०१-७५-०११८०, मोरङ्ग, २०७५-०२-०६ ) | Samsung A06 (6/128 GB) | IMEI 1: 351680500295724 |
| १०९ | सुरज राम कामी | रमेश राम कामी | पुट्के कामी | ७२-०१-७८-०४१८३, (दार्चुला, २०७८-११-२२) | जय राज बडु, (७२-०१-७४-००१५७, दार्चुला, २०७४-०१-२४) | Samsung M16 (6/128 GB) | IMEI 1: 351942490609367 |
| ११० | भुपेन्द्र खड्का | पल बहादुर खड्का | जुद्ध विर खड्का | ५६-०१-७३-०२५३०, (रूकुम, २०७३-०७-२२) | विमला खड्का, (५६-०१-रु७३-०२५२९, रूकुम, २०७३-०७-२२) | Samsung A35 5G (8/128 GB) | IMEI 1: 350115579960560 |
| १११ | मेन कुमार अधिकारी | यदु नाथ अधिकारी | मेघ नाथ अधिकारी | ८३४३, (सिन्धुली, २०५४-११-०४) | जगत राज उपाध्याय, (३९९५, कैलाली, २०५९/३/२६) | Samsung Tab A9 5G (8/128 GB) | IMEI 1: 357358141023508 |
| ११२ | अविरल थारू | राम किरण चौधरी | सा नाथ चौधरी | ६५-०१-७८-०२६९३ , (बर्दिया, २०७८-०६-१०) | सुजाता थारू, (६५-०१-७७-०५९६६, बर्दिया, २०७७-११-१०) | Samsung A16 (8/128 GB) | IMEI 1: 352456884066588 |
| ११३ | जित बहादुर थापा | दुर्गा बहादुर थापा | नर बहादुर थापा | ८७४३९, (स्याङ्जा, २०६३-०५-२८) | याम कुमारी थापा, (४२-०१-७१-०१८६६, स्याङ्जा, २०७१-०५-१६) | Samsung M16 5G (6/128 GB) | IMEI 1: 351942490604749 |
| ११४ | सुनिता सुब्बा (राई) | राम कुमार लिम्बु | सिंह बहादुर राई | ०६-०१-७३-०१८४३, सुनसरी, २०७३-०२-१२) | कवु राई, (०६३००५/१८२६, सुनसरी, २०६३/११/२३) | Samsung A16 (8/128 GB) | IMEI 1: 352456883690776 |
| ११५ | रमेश थापा | वल वहादुर थापा | नर वहादुर थापा | ६३२०४३/४५६, (दैलेख, २०६९/७/२६) | चिरञ्जीवी थापा, (६३-०२-७५-०१६९१, दैलेख, २०७५-०७-१४) | Samsung S25 Ultra (12/1TB) | IMEI 1: 356885325069668 |
| ११६ | जय मण्डल | रमेश कुमार मण्डल | लाल प्रसाद मण्डल | ०५-०१-७९-०५५२०, (मोरङ्ग, २०७९-०४-२६) | प्रकाश कोइराला, (०६-०१-६९-०३९१३, सुनसरी, २०६९/०३/२९) | Samsung A55 (12/256 GB) | IMEI 1: 352485222476076 |
| ११७ | शरिन तामाङ | राधाकृष्ण तामाङ | प्रेम कुमार तामाङ | २६-०१-७८-१२१६७, (धादिङ्, २०७८-११-०८) | आइत कुमार बलामी, (३१-०१-७३-१०३९७, मकवानपुर, २०७३-०८-२०) | Samsung A16 (6/128 GB) | IMEI 1: 351809426361498 |
| ११८ | सपना पुन मगर | तिलक वहादुर पुन मगर | तुल बहादुर पुन मगर | ३७१०३३/२०३७३,(रूपन्देही, २०६८/०१/०८) | राम कृपाल मुराउ, (३७-०२-७४-०४९५७, रूपन्देही, २०७४/०५/०७) | Samsung M15 5G (6/128 GB) | IMEI 1: 350814494626112 |
| ११९ | सन्जय तमाङ | राम कृष्ण तमाङ | मान बहादुर तामाङ | ३५-०१-७८-०६२०५, (चितवन, २०७८-०८-०३) | संगम वि.क., (३५-०१-७९-०८६१५, चितवन, २०७९-०७-२५) | GALAXY A 06 (4/128 GB) | IMEI 1: 351247890298336 |

| क्र.स | ऋणीको विवरण | व्यक्तिगत जमानीदिनेको विवरण | सवारी साधनको विवरण |
|---|---|---|---|
| १२० | **नाम, थर : सन्जिव थाया मगर**<br>बावुको नाम : तेज थापा मगर<br>बाजेको नाम : चक्र बहादुर थापा मगर<br>ठेगाना : कास्की जिल्ला,पोखरा म.न.पा वडा नं.१८<br>नागरिकता नं.१३२०२६, जि.प्र.का.कास्की, जारी मिति : २०५९-०९-१९ | **जमानिकर्ताको नाम, थर : सुमि थापा मगर**<br>बावुको नाम : मेख बहादुर भुजेल<br>ठेगाना : कास्की जिल्ला,पोखरा म.न.पा वडा नं.१८<br>ना.प्र.न.४६-०१-६९-०१४८५, जि.प्र.का.कास्की, जारी मिति :२०६९-०६-२२ | बनेको साल : २०१८ मोडल : Datsun GO T ईन्जिन नं. : 89506YC च्यासिस नं.: MDHZBAAD0H3501156 रङ्ग : सेतो |